नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

## प्रेस नोट

भोली असार २५ गतेदेखि असार २८ गतेसम्म प्रदेश नम्बर १, प्रदेश नम्बर २, बाग्मती प्रदेश र गण्डकी प्रदेशमा यो वर्षकै सबैभन्दा बढी पानी पर्ने अनुमान गरिएको छ । उसै पनि यो वर्ष वैशाखदेखि अहिलेसम्म प्रशस्त पानी परिरहेको सन्दर्भमा यो भारी वर्षाले बाढी, डुबान र पहिरोको जोखिम बढाइदिएको छ । पहाडी क्षेत्रका साना खोलानाला, खहरे र नदीनालामा बाढी आउने सम्भावना छ । लामो वर्षाले पहाडी भेगको भू-भाग गलिसकेकाले कतिपय ठाउँमा पहिरो पनि जान सक्छ। यसबारे चनाखो रहन पनि आग्रह गर्दछौं ।

यो भारी वर्षाबाट हुनसक्ने सम्भावित जोखिम समेतलाई आंकलन गरी यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ (भाग-१ र भाग-२) तयार पारिएको र उक्त कार्ययोजना गृह मन्त्रालयको वेवसाइटः http://www.drrportal.gov.np/ बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ । यसलाई मध्येनजर गर्दै विपद्का क्षणमा संघीय मन्त्रालय, प्रादेशिक सरकार, स्थानीय सरकार, राजनीतिक दल संयुक्त राष्ट्रसंघीय एजेन्सीहरु, विकास साझेदारहरु, सरकारी, गैरसरकारी तथा निजी क्षेत्र एवम् सम्बद्ध निकाय लगायत विपद् व्यवस्थापनमा खटिने निकायहरु र सर्वसाधारणहरु उच्च सतर्क एवम् सुरक्षित अवस्थामा रहन गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण हार्दिक अनुरोध गर्दछ ।

शुक्रबारदेखि आइतबारसम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी तथा यसका सहायक नदीमा पानीको सतह बढेर बाढी र खतरा हुनसक्ने पूर्वानुमान गरिएको छ । खासगरि १ र २ नम्बर प्रदेशका चुरे तथा तराई भएर बग्ने खोला तथा नदीहरुमा ठूलो बाढी आउनसक्ने हुनाले यस क्षेत्रका बासिन्दाहरुलाई सतर्क रहन विषेश आग्रह गर्दछौं । तराईका झापा, मोरङ, सुनसरी, ससरी, धनुषा, महोत्तरी, सिरहा, सर्लाही, बारा, पर्सा, रौतहट, चितवन लगायत जिल्लाका कतिपय होचो ठाउँमा डुबानको सम्भावना भएकाले बेलैमा सचेत रहन अनुरोध गर्दछौं । यी चार प्रदेशका अलावा लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशका बासिन्दाले पनि यो समयमा सतर्क रहन जरुरी छ । त्यसैले आफ्नो गाउँ, टोल, बस्ती आसपासका खोला नदीको वहावबारे जानकारी लिदै गर्नुहुन अनुरोध छ ।

अन्तमा, ठूला नदीनालामा आउने बाढीबारे जानकारी लिन जल तथा मौसम विज्ञान विभागको टोल फ्रि नं. ११५५ र आपत्कालीन सेवाका लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रको टोल फ्रि नं. ११४९ मा २४ घण्टा सेवा उपलब्ध रहेको जानकारी गराउँदछौं । साथै तपाईंको मोबाइलमा आउने एस.एम.एस.मा विशेष ध्यान दिनहुन अनुरोध छ । बाढी, पहिरो, डुवानबारे रेडियो, टेलिभिजनमा आउने सूचना ध्यान दिएर सुन्न पनि हामी आम सर्वसाधारणलाई आग्रह गर्दछौं ।

मितिः २०७७/०३/२४

(अनिल पोखरेल)
कार्यकारी प्रमुख
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
विशेष मौसम बुलेटिन (**Special Weather Bulletin)**
(जारी मितिः २०७७-०३-२२, राती ८:०० बजे)

मनसुन न्यून चापिय रेखा(**monsoon trough)** नेपालको तराइ भू-भाग नजिक रहने भएकाले आउँदो बिहिबार (असार २५) रातीबाट नेपालमा मनसुन सक्रिय हुने देखिएको छ, जसको कारण नेपालका धेरैजसो ठाँउहरुमा लगातारको वर्षाको साथै खासगरी तराइका केही र पहाडका थोरै स्थानमा भारी बर्षा समेत हुन सक्ने देखिन्छ। त्यसैले, तराइका भू-भागमा पानीको वहाव बढ्ने र पहाडमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल / पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।